सुनापति गाउँकार्यपालिकाको बैठक संख्या: ०१
आ.व.२०८१/०८२
मिति: २०८१ श्रावण १५ गते मंगलबार
समय: दिउँसो १:०० बजे
स्थान: सुनापति गाउँपालिका

आज मिति २०८१ श्रावण १५ गते मंगलवारका दिन यस सुनापति गाउँपालिकाका अध्यक्ष श्री ठुलो कान्छा तामाङज्यूको अध्यक्षतामा यस सुनापति गाउँकार्यपालिकाको वैठक वसी तपसिल वमोजिमको निर्णय गरियो ।

उपस्थिति:

| | | |
|---|---|---|
| १. श्री ठुलो कान्छा तामाङ | अध्यक्ष | |
| २. श्री गीता विष्ट | उपाध्यक्ष | |
| ३. श्री ध्रुव प्रसाद चौलागाई | सदस्य | |
| ४. श्री पदम वहादुर थापा | सदस्य | |
| ५. श्री कुल वहादुर थिङ | सदस्य | |
| ६. श्री डन्डुप लामा | सदस्य | |
| ७. श्री चित्र वहादुर मानन्धर | सदस्य | |
| ८. श्री रीता कामि धमला | सदस्य | |
| ९. श्री अविना लामा | सदस्य | |
| १०. श्री सुनमाया तामाङ | सदस्य | |
| ११. श्री हरि माया श्रेष्ठ | सदस्य | हरीमाया |
| १२. श्री टासी लामा | सदस्य | |
| १३. श्री मिन कुमार खाती | सदस्य | |
| १४. श्री दिलीकृष्ण श्रेष्ठ | सचिव | |

अन्य उपस्थिति:

१४. श्री रन्जिता तामाङ - प्रशासन शाखा
१५. श्री शुक्र वहादुर तितुङ- कार्यालय सहयोगी

**प्रस्ताव तथा निर्णयहरु :**

**प्रस्ताव नं.१: प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना सम्बन्धमा ।**

यस प्रस्ताव माथि छलफल गर्दा यस सुनापति गाउँपालिकाको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रबाट सन्चालन गरिने आ.व.२०८१/०८२ को योजनाहरु स्थानीय निर्देशक समितिले पेश गरे बमोजिम अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.२: सुनापति प्रज्ञा प्रतिष्ठानको बजेट ब्रेक डाउन सम्बन्धमा ।**

यस प्रस्ताव माथि छलफल गर्दा आ.व.२०८०/०८१ मा सुनापति प्रज्ञा प्रतिष्ठान (ल्होसार, थान्का तथा अन्तरगतका विभाग समेत) शिर्षकमा विनियोजित रु.१५०००००।(पन्ध्र लाख) बजेट तपसिल बमोजिमको शिर्षकमा विनयोजन गर्ने निर्णय गरियो ।

तपसिल

- ४ नं. वडामा थाङ्का तालिम रु. ८०००००।
- नाट्य कला तर्फ रु. २५००००।
- तीज कार्यक्रम रु. १५००००।
- ल्होसार कार्यक्रम रु. ३०००००।

**प्रस्ताव नं.३: सुनापति गाउँपालिकास्तरीय कृषक समूह सन्जाल कार्यान्वयन कार्यविधि,२०८१ सम्बन्धमा ।**

यस प्रस्ताव माथि छलफल गर्दा सुनापति गाउँपालिकास्तरीय कृषक समूह सन्जाल कार्यान्वयन कार्यविधि,२०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४: विविध सम्बन्धमा ।**

विविध विषयमा छलफल गरी तपसिल बमोजिम निर्णय गरियो ।

**क) कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपजको उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यविधि,२०८१ सम्बन्धमा ।**

यस प्रस्ताव माथि छलफल गर्दा कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपजको उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यविधि,२०८१ अध्ययन तथा छलफल गरी अर्को कार्यपालिका बैठकमा स्वीकृतीका लागि पेश गर्ने ।

**ख) घरधुरी सर्वेक्षक सम्बन्धमा ।**

यस प्रस्ताव माथि छलफल गर्दा यस गाउँपालिकाको डिजिटल प्रोफाइल तयार गर्नका लागि आवश्यक तथ्यांक संकलन गर्न घरधुरी सर्वेक्षक नियुक्तिका लागि सूचना जारी गर्ने ।

**ग) सवारी साधन खरिद सम्बन्धमा ।**

यस प्रस्ताव माथि छलफल गर्दा यस गाउँपालिकाको लागि आवश्यक दुई वटा मोटरसाइकल र एक वटा चार पाङ्ग्रे गाडी आ.व.२०८१/०८२ मा सवारी साधन खरिद शिर्षकमा विनियोजित बजेटबाट खरिद गर्ने ।

दिलकृष्ण श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत